नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भक्तपुर

**निर्णयहरु:-**

१. गृह मन्त्रालयको च.नं. २८६७ मिति २०७७/१२/०९ को पत्र तथा स्वास्थ्य मन्त्रालयवाट मिति २०७७/१२/०८ गते जारी प्रेस विज्ञप्ति माथि समेत छलफल भयो ।

२. हाल मित्र राष्ट्र भारतका विभिन्न प्रान्तहरुमा कोभिड -१९ को संक्रमण बढिरहेको र हाम्रो देशमा पनि सो को जोखिम वढ्ने सम्भावना रहेकोले कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागी देहाय वमोजिमका कार्यहरु गर्ने :

क. कोभिड -१९ को संक्रमणको जोखिमवाट वच्न भिडभाड हुने गरि कुनै किसिमको मेला, जात्रा, साँस्कृतिक कार्यहरु लगायतको काम अर्को सुचना नभएसम्म नगर्न, नगराउन सम्बन्धित सवैमा अनुरोध गर्ने ।

ख. कोभिड -१९ संक्रमणको सम्भावनालाई सध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टाइन, आइसोलेशन केन्द्रलाई तयारी अवस्थामा राख्ने तथा स्वास्थ्य युनिटहरुलाई समेत आवश्यकता अनुसार तत्काल परिचालन गर्ने गरी तयारी अवस्थामा राख्ने तथा सो का लागी आवश्यक समन्वय जिल्ला स्वास्थ्य कार्यालयले गर्ने ।

ग. कोभिड -१९ को जोखिमवाट बच्न नेपाल सरकारवाट जारी भएका स्वास्थ्य सुरक्षा लगाएतको मापदण्ड पालना गर्न सबैलाई अनुरोध गर्ने तथा मापदण्ड उल्लघंन गर्नेहरुलाई संक्रामक रोग, २०२० बमोजिम कारवाही गर्ने ।

घ. निकट रहेको फागु पूर्णिमा (होली) को अवसरमा भिडभाड हुन नदिन स्वास्थ्य तथा सुरक्षा सम्बन्धि मापदण्डको पालना गरेर मात्र सुरक्षित रुपमा पर्व मनाउन सम्बन्धित सबैमा अनुरोध गर्ने तथा सोका लागी स्थानिय तहहरुले व्यापक रुपमा प्रचार प्रसार गर्ने ।

ङ. नेपाल सरकार लगायत अन्य सेवा प्रदायक निकायहरुवाट सेवा प्रवाह गर्दा कोभिड -१९ को मापदण्ड पालना गरेर मात्र सेवा प्रदान गर्ने ।

च. जिल्लामा कोभिड -१९ संक्रमण फैलन नदिन प्रत्येक स्थानिय तहले रोगको निगरानी चुस्त वनाउन तथा सचेतनामुलक सन्देश प्रशारण गर्ने ।

२०७७/१२/११

सहायक प्रमुख जिल्ला अधिकारी